बनेपा नगरपालिका

नगर कार्यपालिकाको कार्यालयको

## फोहोर मैला व्यवस्थापनका लागि प्रस्ताव आह्वान सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।१२।२१)

बनेपा नगर क्षेत्र भित्रबाट उत्पादन हुने फोहोर व्यवस्थापनको कार्य देहायका शर्त बन्देजका अधिनमा रही निजी क्षेत्रसंगको सहकार्यमा गर्नुपर्ने भएकोले उक्त कार्य गर्न योग्य इच्छुक दर्तावाला संस्थाले यस कार्यालयमा प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

### शर्त बन्देज

१ यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले पन्ध्रौ दिन कार्यालय समय सम्ममा प्रस्ताव दर्ता गर्न सकिने छ ।

२ म्याद भित्र दर्ता भएका प्रस्ताव यो सूचना प्रकाशित भएका मितिले सोह्रौ दिन दिनको २:०० बजे यस कार्यालयमा खोलिने छ ।

३ स्वीकृत प्रस्तावकसँग बढिमा पाँच वर्षका लागि बनेपा नगर क्षेत्रको फोहोरमैला व्यवस्थापन सम्बन्धी संझौता हुनेछ । सो अवधिमा भएको कामको प्रगति समेतका अधारमा दुवै पक्षको सहमतिमा म्याद थप गर्न सकिने प्रावधान रहने छ । प्रस्तावकको प्रस्तावमा फोहोर उत्पादन स्थल देखिनै फोहोर विविधिकरण गरी 3R को अवधारणालाई कार्यान्वयनमा ल्याउने कार्य योजना समेत प्रस्तावसाथ प्रस्तुत हुनुपर्नेछ ।

४ प्रस्तावकले आफ्नो प्रस्तावमा देहायका विवरण खुलाउनु पर्नेछ ।

क. संस्था दर्ता, नविकरण र पछिल्लो आ.व. सम्मको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।

ख. प्रस्तावकको प्रस्तावमा फोहोर उत्पादन स्थल देखिनै फोहोर विविधिकरण गरी 3R (Reduce, Reuse & Recycle) को अवधारणालाई कार्यान्वयनमा ल्याउने विधि र तरिका उल्लेख भएको कार्य योजना ।

ग. फोहोरमैला व्यवस्थापनका लागि प्रस्तावकसँग रहेका स्रोत साधन तथा जनशक्तिको अवस्था ।

घ. फोहोर उत्पादन गर्ने घर, पसल वा प्रतिष्ठान धनीले व्यहोर्नुपर्ने माशिक शुल्कको दररेट सम्बन्धी प्रस्ताव ।

ङ. प्रस्तावकको फाहोरमैला व्यवस्थापन सम्बन्धमा हालसम्म प्राप्त सफल अनुभवको निस्सा सहितको विवरण ।

च. अन्य खुलाउनु पर्ने थप विषयवस्तुहरु ।

५.१ स्वीकृत प्रस्तावकले फोहोरमैला व्यवस्थापनका लागि बनेपा नगरपालिकाले खरिद गरेको जगगामा दीर्घकालिन रुपमा फोहोर प्रसोधन र व्यवस्थापनका लागि वातावरणमैत्री उपयुक्त पूर्वाधार निर्माणका लागि देहाय बमोजिमको विवरण खुलाएको छुट्टै परियोजना प्रस्ताव संलग्न गर्नुपर्ने छ । त्यस्तो प्रस्ताव अनुरुपको पूर्वाधार तयार भई कार्यान्वयनमा नआए सम्मका लागि उत्पादित फोहोर व्यवस्थापनका लागि आवस्यक जगगाको व्यवस्था स्वीकृत प्रस्तावक स्वयमले गर्नुपर्ने छ ।

क. फोहोरमैला विविधिकरण गरी प्रसोधन गर्ने विधि

ख. विविधिकरण गरिएको फोहोर मध्ये पुनः प्रयोग हुने र प्रसोधित वस्तुको उपयोग वा व्यवस्थापन गर्ने व्यवहारिक विधि

ग. प्रस्तावित पूर्वाधार निर्माण गर्न लाग्ने लागत र लागत व्यहोर्ने स्रोतको विवरण

घ. प्रस्तावित पूर्वाधार निर्माण गर्न लाग्ने अधिकतम समय ( संझौता भएका मिति देखि समय गणना हुने)

५.२ शर्त बन्देज ५.१ बमोजिम नगरपालिकाको जग्गामा पूर्वाधार तयार नगरी संझौता अवधिभरका लागि स्वीकृत प्रस्तावक स्वयमले जग्गा व्यवस्थापन गर्ने भएमा छुट्टै परियोजना प्रस्ताव आवश्यक पर्नेछैन ।

६ स्वीकृत प्रस्तावकले प्रस्तावमा उल्लेख भए बमोजिमको शुल्क लिने गरी बनेपा नगर क्षेत्र भित्रका सबै क्षेत्रको फोहोर संकलन गर्नुपर्ने छ । साथै नगर क्षेत्र भित्रका सार्वजनिक स्थानहरुबाट उत्पादन हुने र नगरपालिकाबाट संकलन गरिएको फोहोर निशुल्क व्यवस्थापन गरिदिनु पर्नेछ ।

७ स्वीकृत प्रस्तावकले फोहोर व्यवस्थापनको कार्य गर्दा आधुनिक प्रविधिहरुको उच्चतम उपयोग गर्दै फोहोर उत्पादन क्रमशः न्यून गर्ने अवधारणा अनुरुप गर्ने र उत्पादित फोहोर व्यवस्थापन गर्दा व्यवस्थापन स्थल वरिपरी वातावरण प्रदुषण नहुने गरी घेरावारा प्रयोग गरेर मात्र व्यवस्थापन गर्नु पर्नेछ ।

८ प्रस्तावमा वार्षिक आम्दानी खर्चको व्यवहारिक कार्यतालिका समेत पेश गरिएको हुनुपर्ने छ । त्यसरी प्रस्तुत भएको तालिकामा फोहोरमैला उत्पादकबाट माशिक रुपमा उठाउने शुल्क दर समेत समावेश हुनुपर्ने छ । तर त्यसरी शुल्क दर प्रस्ताव गर्दा यस नगरपालिकाको आर्थिक ऐनमा स्वीकृत दर भन्दा बढि दर प्रस्ताव गर्न पाइने छैन ।

९ स्वीकृत प्रस्तावकले संझौता गर्नुपूर्व रु. पाँचलाख वा सो भन्दा बढि रकम बनेपा नगर कार्यपालिकाको नामको बैंक खातामा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्ने छ ।

१० पेश भएको प्रस्तावका सम्बन्धमा कुनै अस्पष्टता भए पेश भएका शर्त बन्देजका आधारभूत कुरामा तात्विक भिन्नता नहुने गरी पछि थप विवरण माग्न कुनै बाधा पर्ने छैन ।

११ दर्ता भएका प्रस्तावहरु मध्ये फोहोर उत्पादकबाट लिने शुल्क, फोहोर व्यवस्थापनको तरिका, प्रस्तावकको फोहोरमैला व्यवस्थापन सम्बन्धी अनुभव,प्रस्तावकसँग रहेको स्रोतसाधन तथा जनशक्ति, पूर्वाधार तयार गर्ने प्रस्ताव भए त्यस्तो प्रस्तावको प्रभावकारिता र ग्राह्यता तथा बनेपा नगरपालिकाको दायित्व एवं नगरपालिकाले प्राप्त गर्ने लाभ समेतका आधारमा मूल्याङ्कन गरी उपयुक्त र प्रभावकारी देखिएको प्रस्तावस्वीकृत गरिने छ ।

१२. प्रस्तावकको प्रस्ताव स्वीकृत भई कार्यान्वयनमा रहेको समयमा बनेपा नगरपालिका क्षेत्रभित्रबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापनका लागि नेपाल सरकार वा कुनै संस्थाबाट नयाँ प्रविधि भित्र्याउन सकिने अवस्था आएमा त्यस्तो प्रविधिको सदुपयोग गर्नु स्वीकृत प्रस्तावकको दायित्व हुनेछ ।

१३ कुनै पनि प्रस्ताव विनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार बनेपा नगरपालिकामा सुरक्षित रहने छ ।

१४ प्रस्ताव दाखिला गर्ने र खोल्ने दिन बिदा परेमा क्रमशः सो को भोलिपल्ट हुनेछ । साथै प्रस्तावक वा निजको प्रतिनिधी अनुपस्थित भए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन ।

१५ बनेपाको नगर सभाबाट स्वीकृत फोहोरमैला शुल्क लगायत प्रस्तुत सूचनाका सम्बन्धमा बुझ्नुपर्ने थप जानकारी बनेपा नगरपालिका, कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।